# लेखनाथ नगर विकास र यस्का शैक्षिक सम्भावनाहरू

डायमण्ड बोर्डिङ्ग उच्च मा. वि. को रजत जयन्तिका अवसरमा प्रस्तुत कार्यपत्र

लेखनाथ, १८ माघ २०७०

प्रा. डा. इन्द्र प्रसाद तिवारी
डीन, मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा विश्वविद्यालय

## प्रष्ठभूमि

हालको लेखनाथ नगरपालिका पोखरा उपत्यकाको कुल ५११८.५ वर्ग की.मी. मध्ये पूर्वि उपत्यकाको दक्षिण-पश्चिम भागमा अवस्थित ७८.८ वर्ग की.मी. मा फैलिएको क्षेत्र हो । यो क्षेत्र राणाकालका थुममा आधारित अर्घौं, बेगनास, पचभैया र रुपाकोट मौजा का आंशिक भाग तथा पुरै मौजा समावेस हुँदै विभिन्न समयमा विभिन्न पञ्चायतमा विभाजन पश्चात पछिल्लो समायमा लेखनाथ, राखि, बेगनास र शिसुवा गाउ विकास समितिहरू मिलेर २०५३ मा गठन हुन आएको एक प्रारम्भिक विकास-प्रशासनिक इकाई हो । लेखनाथ नगरपालिकाको, पूर्वमा हंसपुर र रूपाकोट गा.वि.स., पश्चिममा विजयपुरखोलाले छुट्ट्याएको पोखरा उपमहानगरपालिका, उत्तरमा कालिका र माझठाना गा.वि.स. र दक्षिणमा सेती नदीले छुट्ट्याएको भरतपोखरी गा.वि.स. पर्दछन् । यो नगरपालिका समुद्री सतहबाट कोत्रेको ४९० मीटर देखि सिरानडाँडाको १२१७ मीटर सम्मको उचाईमा अवस्थित छ भने पूर्व-पश्चिम दूरी करिव १३ की.मी. र उत्तर-दक्षिण दूरी करीव १५ की.मी. रहेको छ । पोखरा उपत्यकाका ८ तालहरू मध्ये बेगनास, रूपा, मैदी, दिपाङ्ग, खाष्टे, न्यूरेनी र गुँदे सहित ७ तालहरू अवस्थित यस नगरपालिकालाई सात तालको बगैंचा शहर (Garden City of Seven Lanes) नामाकरण गरिएकको छ । यस नगरपालिकामा १५ किलोमिटर राष्ट्रिय राजमार्ग पर्दछ भने सडक विकास क्रमश: थपिदै छ ।

भू-उपयोगका सम्बन्धमा हेर्दा लेखनाथ नगरपालिकाको आवधिक योजना (२०६३-२०६८) का अनुशार वर्तमानमा यो नगरपालिकाको १७.४ प्रतिशत भाग ताल, पोखरी, खोला सम्बन्धित जमिनले ओगटेको छ भने १८.६ प्रतिशत भाग जंगलले ओगटेको छ । त्यस्तै मानव बस्तीको लागि सहज प्रयोग हुने जमिन ४०.७ प्रतिशत छ जस्को करिव २० प्रतिशत मानव बस्तीको लागि प्रयोग भइसकेको छ भने २३.३ प्रतिशत मानव बस्तीका लागि खासै उपयोग नहुने निजी जमिन छ ।

सन् २०११ को नेपालको जनगणना अनुशार लेखनाथ नगरपालिकाको घर-परिवार संख्या १४,९२८ र जनसंख्या ५९,४९८ छ र याहाँको औषत परिवार संख्या ३.९८ हुन आउछ भने लैङ्गिक अनुपात प्रति १०० महिलामा ८५.३३ पुरुष भएको पाईन्छ । नेपालमा बसोबास गर्ने विदेशि सहित १३७

जात-जातीहरू मध्ये लेखनाथ नगरपालिकामा ३३ जात-जातिहरू बसोबास गरेको पछिल्लो तथ्याङ्क छ जस्मा ३५ प्रतिशत ब्राह्मण, १४.७ प्रतिशत क्षेत्री, १५ प्रतिशत गुरुङ्ग सहित २९.४ प्रतिशत जनजाती, १३.६ प्रतिशत दलित, ०.३ प्रतिशत मुस्लिम तथा ७ प्रतिशत अन्य जात-जाती पर्छन् ।

जन घनत्वको हिसावले प्रति वर्गकिलोमीटर ७६८.२ रहेको यो नगरपालिका न्यून जनघनत्व भएको नगरपालिका मध्ये एक हो । जनसंख्याको हिसावले गत एक दशकमा यो नगरपालिकाको जनसंख्या ३०.५ प्रतिशतले बृद्धि भएको पाईन्छ जस्को मूख्य कारण बसाइ-सराइ नै हो । सन् २०११ को जनगणना अनुशार यो नगरपालिकाबाट विदेशमा गएको जनसंख्या कूल जनसंख्याको १२.७ प्रतिशत थियो जस्मा महिलाहरूको हिस्सा केवल १३.६ प्रतिशत मात्र भएको पाईन्छ ।

मानव शुचकाङ्कमा यो नगरपालिका माथिल्लो तहमा रहेको छ जुन कुरा यस्को उच्च शाक्षरता, न्यून गरिबीको अवस्था र राम्रो स्वास्थ्य आंकडाहरूले प्रदर्शन गरेकोबाट स्पष्ट हुन्छ । यो नगरपालिका देशकै गरिब र धनी विचको दूरी न्यूनतम भएको मध्येको हो भने राज्यले निर्दिष्ट गरेका कर भूक्तानीमा यो नगरपालिका अग्रपंतिमा छ ।

अवका दिनमा यस नगरपालिकाको क्षेत्रगत वा समुच्च विकासको कुरागर्दा पोखरा र लेखनाथमा भएको तिब्र जनसंख्या बृद्धि, याहाँको भौगोलिक बनाबट साथै जल, जंगल, जमिन, पोखराको प्रवेश द्वार, पोखरामा बन्दै गरेको अन्तराष्ट्रिय विमानस्थल, निकट भविष्यमा हुने प्रान्तिय संरचना र पोखरा विश्वविद्यालयको उपस्थितिलाई पृष्ठभूमिमा राख्नु पर्ने हुन्छ र यो प्रस्तुतिमा भएका विवेचना, विश्लेषण र सम्भावनाका खोजिहरू यहि पृष्ठभूमिमा गरिएको छ ।

## पोखरा उपत्यकाको विकासको संक्षिप्त विवरण

लेखनाथ नगर विकास र यस्को शैक्षिक सम्भावनाहरूको विवेचना र विश्लेषण गर्दा पोखरा उपत्यकाको एक समुच्च पुनरावलोकन गर्न आवश्यक पर्दछ । पोखरा उपत्यकामा गत सात दशकमा भएका विकासको पुनरावलोकन गर्दा यो क्षेत्र देशको एक सामान्य बजारसहित को उपत्यकाबाट काठमाण्डु पछिको दोस्रो ठूलो शहर तथा देशको दोस्रो उच्च आय समेत भएको पोखरा उपमहानगरपालिका सहितको विशिष्ट मानव बसोबास क्षेत्र बन्न पुगेको छ । वि.सं. २००८ सालमा काठमाण्डु र भैरहवासंग हवाइमार्गबाट यस्को बाहिरी सोझो सम्बन्ध स्थापना भएपछि पोखरा एक नगरपालिका हुनुको साथै कास्की जिल्ला, तत्कालिन गण्डकी अंचल साथै पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम समेत रहेको छ । हाल पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका साथै उपत्यका भित्रका गाविसहरूमा उद्योग-व्यवसाय, पर्यटन, शिक्षा र स्वास्थ्य जस्ता उत्पादन र सेवा संग सम्बन्धित विभिन्न स्थानीय र क्षेत्रीय तहसम्मका

कार्यालयहरू अवस्थित छन् । हाल पोखरा उपत्यकामा लक्ष्मी समूह, कर्माचार्य समूह, वतास समूह, पोखरा औद्योगिक क्षेत्र लगायतका १०० भन्दा बढी प्रमुख उद्योग व्यवसायहरू संचालनमा छन् र पोखरा उपत्यका मध्ये पहाडी तथा उच्च हिमाली भेगको उद्योग, व्यापार-व्यवसाय, तथा समुच्च परिवर्तनको वास्तविक केन्द्रको रुपमा विकास भैसकेको छ । त्यस्तै याहाँ ४,००० भन्दा बढी होटलबेड सहित पोखरा उपत्यका काठमाण्डु पछिको दोस्रो ठूलो पर्यटकीय गन्तव्य स्थल भएको छ । स्वास्थ्य क्षेत्रमा पनि पश्चिमाञ्चल अस्पताल, हिमालयन आँखा अस्पताल, मणिपाल र गण्डकी शिक्षण अस्पतालहरू, आयुर्वेदिक अस्पतालहरू र निजि क्षेत्रका अन्य एक दर्जन जति अस्पताल र नर्शिङहोमहरू स्थापना भई संचालन भैसकेका, २,५०० भन्दा बढी हस्पिटलबेड उपलब्ध भएका र २५० भन्दा बढी डाक्टर सहितको प्रोफेसनलहरूको सेवा उपलब्ध भई पोखरा उपत्यका काठमाण्डु पछिको दोस्रो ठूलो स्वास्थ्यसेवाको केन्द्र भैसकेको छ ।

## पोखरा उपत्यकामा शिक्षाको अवस्था

अव पोखरा उपत्यकामा शिक्षा विकासको पुनरावलोकन गरौं । बैदिक समय देखिनै बिद्वान, ऋषि-मुनिहरूले गंगा देखि हिमालय सम्मका विभिन्न भागमा रहेर शिक्षा आर्जन गरेका यथेष्ट प्रमाण भेटिए पनि हिमालयको दक्षिणी पहाडी खण्डमा केहि क्षेत्र विषेश बाहेक शिक्षा र ज्ञानको विकास र प्रवर्धन खासै नभएको हो । त्यसै अनुरुप ती क्षेत्रहरू विकासको अवस्थामा पनि पछाडीनै रहेका हुन्। यहाँको शिक्षाको विकासलाई हेर्दा पनि यहि पृष्टभुमीलाई लिएर हेर्न उचित देखिन्छ र पोखराको नारायणस्थान बाहेक गुरूकुल शिक्षाको विकास पनि याहाँ खासै भएको पाइएन ।

यस्को बाबजुद, हाल आएर शाक्षरताका हिसवले देशकै दोश्रो सर्वाधिक शाक्षर भएको कास्की जिल्ला र पोखरा उपत्यका शैक्षिक क्षेत्रमा काठमाण्डौ पछि दोश्रो स्थान ओगट्न पुगेको छ । बिगत ५ दशकदेखि पोखरा पश्चिमाञ्चल क्षेत्रको उच्च शिक्षाको केन्द्र बनेकै हो र त्यस्को विकास अझ तिब्र हुदैछ । यहाँ पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, बन विज्ञान अध्ययन संस्थान, मणिपाल र गण्डकी मेडिकल कलेजहरू, पोखरा विश्वविद्यालय र त्रिभूवन विश्वविद्यालयका इन्जिनियरिङ् स्कुल/कलेज/क्याम्पसहरू, नर्सिङ क्याम्पसहरू, पोखरा, त्रिभूवन र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त विभिन्न विषय र तहका कलेज/क्याम्पसहरू, उपत्यका भित्रका ७२ उच्च माध्यमिक विद्यालयहरू तथा CTEVT अन्तर्गतका विभिन्न प्राविधिक संस्थाहरू संचालित छन् । स्कुल शिक्षाले करिब ५,००० र उच्चशिक्षाले थप ५,००० गरी समुच्च शिक्षाले हाल याहाँका कम्तिमा १०,००० ब्यक्तिलाई सोझै रोजगार उपलब्ध गराएको अनुमान गरिएको छ ।

पोखरा उपत्यकामा नार्क अन्तर्गतका बेगनास तथा फेवाताल मत्स्य अनुसन्धान केन्द्रहरू, मालेपाटन र लुम्ले स्थित कृषि तथा वागवानी अनुसन्धान केन्द्रहरू, तथा सहरी विकास तालिम केन्द्र अवस्थित छन् ।

पर्यटन र पहाडी क्षेत्रमा दिगो विकास र यस्को प्रवर्धनमा अन्तराष्ट्रिय मान्यता र पुरस्कार प्राप्त एक्याप तथा वातावरण तथा दिगो विकासमै लामो समयदेखि अध्ययन-अनुसन्धानमा संलग्न लीबर्ड जस्ता संस्थाहरू यहाँ अवस्थित छन् ।

पोखरामा ख्यातिप्राप्त पश्चिमाञ्चल, पृथ्वीनारायण क्याम्पस, तथा जनजाती संग्रहालयहरू अवस्थित छन् । नेपाल-भारत सांस्कृतिक केन्द्र तथा पुस्तकालय र ब्रिटिश काउन्शिल पुस्तकालय २०३० तिर सरकारले संचालनबाट हटाएपनि हाल आएर पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, बन विज्ञान अध्ययन संस्थान, तथा लामाचौर इन्जिनियरिङ क्याम्पसका स्थापित पुस्तकालयहरू तथा अन्य क्याम्पस्/कलेजमा विकशित हुदै गरेका पुस्तकालयहरू तथा पोखरा र लेखनाथ स्थित (दिपशिखा लगायतका) सामुदायीक पुस्तकालयहरू र पोखरामा लामो समय देखि स्थापित र देशका प्रमूख पुस्तक पसलको प्रतिनिधित्व रहेको पोखरामा अध्ययन सामाग्री सापटी लियर वा खरिद गरेर पुरागर्न अव कठिन नहुने स्थीती बनिसकेको छ ।

## नेपालमा शिक्षा उन्नतिका चुनौतिहरू

जहाँसम्म उच्च शिक्षाको कुरा छ नेपालमा दक्षिण एशियाकै सबैभन्दा कम प्रतिशत युवा उच्च शिक्षाकालागि भर्ना हुने गरेको पाईएको छ भने विदेशमा अध्ययनार्थ जाने नेपालीहरूको संख्या तुलनात्मक रूपमा ज्यादै ठूलो छ । उदाहरणको रूपमा नेपाल जस्तो अल्प विकसित देशबाट अमेरिका अध्ययनार्थ जाने नेपालीहरूको स्थान सन् २०१० मा ११रौ थियो । देश समुच्च रूपमा अल्पविकासित अवस्थामा रहेकले शिक्षाको क्षेत्रमा पनि सिमित विकास भएको छ । उच्च शिक्षाका तीन प्रमुख घटकहरू (Components) - अध्ययन-अध्यपन, अनुसन्धान र प्रकाशन - सबै क्षेत्रको विकासमा नेपाल ज्यादै पछाडी छ । समग्रमा नेपालमा शिक्षाको विकासका निम्न चुनौतिहरू विध्यमान छन् ।

१. नेपालमा विज्ञान, इन्जिनियरिङ र प्रविधि, व्यवस्थापन, अर्थशास्त्र, बैंकिङ र वित्त, कानुन, समाजिकशास्त्र, राजनीति र शासन, प्रशासन, सार्वजनिक नीति, खेलकुद, मनोरन्जन, पर्यटन, लगायतका सम्पूर्ण विधाहरूका विविध पक्षहरूको विकास हुन सकेको छैन । खासगरी उदीयमान (Emerging) विषयहरूको विकास अन्य विकासशिल देशको तुलनामा समेत दशकौं पछाडी छ । उदाहरणको रूपमा इन्जिनियरिङको आधार मानिने मेकानिकल इन्जिनियरिङ तथा इन्डस्ट्रियल इन्जिनियरिङ को विकास नेपालमा सर्वाधिक कम छ,

किनकि उद्योग कलकारखानाको विकास भएको छैन र निकट भविष्यमा हुने सम्भावना पनि कम छ । Mechatronics जस्तो विषय इन्जिनियरिङका प्रोफेसनलले समेत नसुनेका हुन सक्छन् । हेल्थ सइन्स सम्बन्धी स्नातकोत्तर विषयहरू अझ ओझेलमा छन् । विभिन्न देशमा Supply Chain & Logistics Management को ठूलो क्रेज छ, नेपालमा त्यस्को उत्पत्तिनै छैन । नेपाली पर्यटनको पर्यायवाचीको रूपमा रहेको पोखरामा एउटा ससक्त पर्यटन सम्बन्धि उच्च शिक्षाको संस्था विकास हुन सकेको छैन किनकि यहाँ त्यसलाई धान्ने Threshold Population पुग्दैन । Negotiation तथा Financial Analysis जस्ता विषयहरू १-२ पाठ्यक्रमामा सिमित छन् । Industrial Enterprises, Innovation and Entrepreneurship Development, Social Capital जस्ता विषयहरू विश्वविद्यालयका पाठ्यक्रमहरूमा समावेसगर्न शिक्षाविद्हरू अन्कनाइ रहेका छन् । विकसित देशहरूमा सामाजिकशास्त्र तिब्रगतिमा विकसितहुदै गएको विधा भएको छ भने नेपालमा त्यस तर्फ विद्यार्थीहरूको ध्यान जान सकेको छैन । हाल संसारमा सबभन्दा ठूलो बृद्धिदर भएको उद्योग खेलकुद हो । यस सम्बन्धमा नेपालमा एकातिर खेलकुद सम्बन्धी विशिष्टिकृत पढाईनै हुदैन भने अर्कोतिर टोल छिमेक हुदै केन्द्र सम्म पूर्ण तहगत रूपमा विकास भएको एउटै पनि खेलकुद छैन र लेखनाथ जस्तो नगरपालिकामा एउटा सम्म स्टेडियम छैन ।

२. नेपालको शिक्षामा अनुसन्धानको ज्यादै कम महत्व छ । विश्वविद्यालयहरूमा अनुसन्धान नीतिनै छैनन भन्दा अतिसयोक्ति नहोला । त्यसैले ५, १०, १५, २० वर्षे मध्यम र दिर्घकालिन अनुसन्धान कार्यहरू संचालनमै छैनन् । पर्यटन र जलशक्ति जस्ता महत्वपूर्ण र तुलनात्मक लाभ भएका क्षेत्रमा समेत गहन र दिगो अनुसन्धान गर्ने संस्थाहरू स्पष्ट देखिदैनन् । अनुसन्धान कार्यमा निजि क्षेत्रको संलग्नता सुन्य बराबरनै छ । देशमा हुने केहि अनुसन्धान खास अनुसन्धान नभई अन्तराष्ट्रिय संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संगठन र सरकारले विशेष कामका लागि गराउने अध्ययन हुन् जस्ले ज्ञानको निर्माणमा ठूलो महत्व राख्दैनन् । वास्तवमा ठूला परियोजनाको कुरै छोडौं गत २० वर्षदेखि नया पीएच्डी सोधगर्नेहरूको संख्या खासै बढेको छैन । हाल नेपालमा विदेशि प्राध्यापक वा अनुसन्धानकर्ताको उपस्थिति सुन्य प्राय छ । भएका अनुसन्धानमा Frontier र Emerging विषयका अनुसन्धानहरू सुन्य प्रायनै छन् ।

३. नेपालमा भएका सिमित अनुसन्धानहरूको प्रज्ञिक जर्नलमा प्रकाशन गर्ने चलन कम छ र अझ अन्तराष्ट्रिय प्रज्ञिक जर्नलमा प्रकाशन ज्यादै कम छन् । त्यतिमात्र नभई सन् १९८० पछि अन्तराष्ट्रिय प्रज्ञिक जर्नलमा नेपाल विषयमा प्रकाशन हुने Articles घट्दै गएको

अवस्था छ र पोखराको अंश अझ कम छ । देशमा हुने केहि अनुसन्धानात्मक लेख प्रकाशन गर्ने जर्नलहरू नियमित छैनन् र तिनिहरूको स्तर पनि खासै माथि छैन ।

४. नेपालमा भएका विभिन्न शैक्षिक संस्थाहरू विच हुन सक्ने सहकार्यहरू पनि भएका छैनन् जस्ले गर्दा खासगरि अनुसन्धानमा हुनसक्ने तालमेलीय प्रभाव (synergy effect) कहिँ कतै छैन।

५. अभ्यास अध्ययन (Internship) उच्च शिक्षाको एउटा प्रमुख अंग हो । यस्को कार्यान्वयन नेपालमा न्यून छ र औपचारिकतामा सिमित छ । संस्थाहरूले दिने सिमित पहुँच, विद्यार्थीहरूले दिने सिमित ध्यान तथा गहनता र शिक्षकहरूले गर्ने खुकोलो मूल्याङ्कनले समग्रमा इन्टर्नशिप लाई कम उत्पादनमूलक बनाएको छ । शैक्षिक कार्य र समुदायको अन्तर सम्बन्ध ज्ञान निर्माण र उत्पादन कार्यमा समाहित गर्न सकिएको छैन ।

६. उच्च शिक्षाको विकासमा निजि क्षेत्रको सहकार्यले एउटा आसलाग्दो अवसर शृजना गरेकै हो, तर त्यो अवशर पनि संख्यात्मक बृद्धिमा सिमित हुने आभाष भैसकेको छ । उच्च शिक्षामा संलग्न प्रमूख सरोकारवालाहरू (stakeholders), पदाधिकारी, प्राध्यापक-शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू प्राज्ञिक भन्दा राजनैतिक तथा निजि स्वार्थलाई प्राथमिकता दिएर काम गरेको आभाष मिल्छ जस्ले समुच्च शिक्षाको गुणस्तरलाई खस्कन मद्दत पुऱ्याएको छ । राजनीतिज्ञ र स्थानीय समुदायले गैह्र शैक्षिक विषयलाई जोडेर यदाकदा प्रतिकुल शैक्षिक वातावरण सृजना गरेका उदाहरण यथेष्ट छन् । उच्च शिक्षामा नया खुलापनले ल्याएका र अब ल्याउने अवसरहरूले समग्रमा देशले चाहेको जिम्मेवारीपूर्ण उच्च शिक्षाको विकासमा योगदान पुऱ्याउने सम्भावना पनि कम देखिएको छ । सरकार र सरकारको शिक्षा नीतिमा प्रभाव पार्न सक्ने व्यक्ति तथा संस्थाहरू आफैंमा अन्योलग्रस्त छन् ।

## लेखनाथ नगरपालिकामा शिक्षाका सम्भाबनाहरू

लेखनाथ नगरपालिका पोखरा उपमहानगरपालिका सहित समुच्च पोखरा उपत्यकालाई देशको राजधानी र प्रमूख केन्द्रहरू संग जोड्ने प्रवेशद्वार हो । त्यसैले यो नगरपालिकामा उद्योग व्यवसाय र पर्यटन क्षेत्रको विकासको सम्भावना प्रचुर छ । नगरपालिकामा अवस्थित सात तालहरू र बस्ती निर्माणका लागि उपलब्ध क्षेत्र यस क्षेत्रको विकासको सम्भाबनाका प्रमूख कारक हुन् । यसरी उद्योग व्यवसाय र पर्यटन क्षेत्रको विकासको प्रचुर सम्भावना हुँदाहुदै पनि वास्तवमा लेखनाथ नगरपालिकामा स्वस्फुर्त रूपमा शैक्षिक विकासका अवशरहरू प्रदान गर्ने खास

विशेष राजनैतिक, प्रशासनिक एवं बस्ती विशेष गुणहरू छैनन् । त्यसैले याहाँको शिक्षा क्षेत्रको विकासका अवशरहरू यहाँका संस्थाहरू र समुदायहरू मिलेर सृजना गर्नु पर्ने हुन्छ ।

हाल उच्च शिक्षा संचालनगर्ने लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, जनप्रकाश क्याम्पस, त्रिवेणी इन्टरनेशनल कलेज लगायतका सामुदायीक तथा निजी कलेज/क्याम्पसहरूले साधारण विषयमा स्नातक र क्रमश: स्नातकोत्तर तहको अध्यापन गर्दैजाने अवस्था भएपनि यहाँको शिक्षाका सम्भाबनाहरू भने पोखरा विश्वविद्यालयसंग प्रत्यक्ष सरोकार राख्छन् र शिक्षा क्षेत्रको विकासलाई हेर्दा समग्र रुपमा पोखरा विश्वविद्यालयलाई नै हेर्नु पर्ने हुन्छ । हाल पोखरा विश्वविद्यालयमा चार स्कुलहरू: स्कुल अफ इन्जिनियरिङ्, स्कुल अफ हेल्थ एण्ड एलाइड साइन्सेज, स्कुल अफ विजनेस तथा स्कुल अफ डिभलप्मेन्ट एण्ड सोसल इन्जिनियरिङ् अन्तरगत स्नातक तहमा ९ वटा कार्यक्रमहरू र स्कातकोत्तर तहमा तीनवटा कार्यक्रमहरू गरी जम्मा १२ वटा कार्यक्रमहरू संचालनमा छन् । यी कार्यक्रम अन्तरगत हाल २०७० विद्यार्थी अध्ययनरत छन् । एम. वि. वि. एस्., पर्यटन विकास, पर्वतीय अध्ययन, कानून, खेलकुद लगायतका विषयहरू क्रमश: थप गर्दै लैजाने र हाल संचालनमा रहेका विषयहरूको तहबृद्धि गर्दै लैजाने विश्वविद्यालयको कार्यक्रम छ।

पोखरा उपमहानगरपालिकामा उच्च शिक्षाका विभिन्न कार्यक्रमहरू संचालन भएपनि पोखरा विश्वविद्यालयका हालका अधिकांश कार्यक्रमहरू भिन्न किसिम र प्रकृतिका भएका र नया कार्यक्रमहरू पनि भिन्न किसिमकै हुने भएकाले पोखरा विश्वविद्यालय र पोखरा स्थित अन्य शैक्षिक संस्थाहरूको विच तिव्र प्रतिस्पर्धा हुने अवस्था भने कम छ । पोखरा विश्वविद्यालयले क्रमश: मास्टर्स, एम्फिल र पिएचडी कार्यक्रमहरू लाई जोड दिदै जाने छ र नयाँ कार्यक्रमहरू स्वास्थ्य विज्ञान, पर्यटन, उर्जा विकास, उद्योग, सामाजिकशास्त्र, विकासशास्त्र, पर्वतीय अध्ययन, जैविक विविधता, जडीबुटी जस्ता विषयहरूमा अध्ययन अनुसन्धानमा विशेष जोड दिने हुनाले पोखरा स्थित शैक्षिक कार्यक्रम संग तिव्र प्रतिस्पर्धा हुने स्थिति नभई सहकार्य हुनसक्ने स्थिति विद्यमान छ ।

लेखनाथ नगरपालिकामा शैक्षिक विकासको माध्यमबाट समग्र लेखनाथ नगरपालिकाको विकासको अवस्थालाई पोखरा विश्वविद्यालय र लेखनाथ नगरपालिकाको सहकार्यले विशेष प्रभाव पार्ने दिखेन्छ । नगरपालिकाले लिने भू-उपयोग नीति, सडक लगायतका भौतिक संरचहाहरूको विस्तार, विश्वविद्यालयलाई उपलब्ध गराउने जग्गा जमिन, समुदाय र नगरपालिकाले विश्वविद्यालयलाई हेर्ने दृश्टिकोणले पोखरा विश्वविद्यालयको विकास र विस्तर लाई प्रभाव पार्ने छ ।

## गर्नुपर्ने कार्यहरू (Tasks Ahead)

माथि उल्लेखित अवस्थालाई विश्लेषण गर्दा लेखनाथ नगरपालिकामा उच्चशिक्षाको विकास र त्यस मार्फत समुच्च नगरपालिकाको विकासका सम्भावनाहरू प्रथमत यी दुई विषय एक-अर्काका परिपुरक र अन्योन्याश्रित विषय हुन् भन्ने आत्मसाथ गर्नु जरुरी छ । साथै पोखरा विश्वविद्यालय र लेखनाथ नगरपालिकाले आ-आफ्ना सामाजिक र आर्थिक मिसनहरू Learning Society र Knowledge Economy स्थापना गर्न बान्छनिय देखिन्छ । तत्पश्चात, लेखनाथ नगरपालिकामा दिगो शैक्षिक विकासलाई गति दिन पोखरा विश्वविद्यालय र लेखनाथ नगरपालिका सहितका सरोकारवालाहरूले निम्न कार्यक्रमहरू गर्नु पर्ने देखिन्छ ।

१. लेखनाथ नगरपालिकाले आफ्नो भू-उपयोगको योजना अनुशार अनुसन्धान संस्था सहितको शैक्षिक क्षेत्रहरू र शैक्षिक पार्कहरू निर्धारण गर्ने र सम्बन्धित क्षेत्रहरूमा आधरभूत भौतिक पूर्वाधार उपलब्ध गराउने ।
२. पोखरा विश्वविद्यालयले आगामी २० वर्षकालागि आफ्ना नयाँ कार्यक्रहरूको स्थापना र मौजुदा कार्यक्रमहरूको तह वृद्धिगर्ने दिर्घकालिन योजना तयार गर्ने ।
३. विश्वविद्यालयले आफ्ना प्राध्यापकहरूलाई स्थानीय तथा राष्ट्रिय तहका उच्च प्राथमिकताका अनुसन्धानका विषयहरू पहिचान गरि Action Research तथा Empirical Research लाई विश्वविद्यालयको दिर्घकालिन अनुसन्धानको अभिन्न अंग बनाउने ।
४. पोखरा विश्वविद्यालयले विदेशि विद्यार्थी, प्राध्यापक र अनुसन्धानकर्ताको उपस्थितिलाई हालको करिव शुन्यको अवस्थाबाट क्रमश: बढाउदै कम्तिमा २० प्रतिशत पुऱ्याउने लक्ष सहित अन्तराष्ट्रिय संघ-संस्था, संगठन र व्यक्तिसंगको संजाल विकासगर्ने रणनीति सहित कार्ययोजना बनाउनु पर्दछ ।
५. विश्वविद्यालयले समुदायसंग सहकार्य गर्दै आधारभूत शिक्षा, स्वास्थ्य, उद्योग, व्यवसाय, पर्यटन, वातावरण, उर्जा लगायत आर्थिक र सामाजिक विकास सहित Learning Society र Knowledge Economy तर्फ परिवर्तित र रूपान्तरित हुने विकास कार्यक्रमहरू प्रवर्धन गर्ने ।
६. स्थानीय संगठित एवं असंगठित उत्पादन तथा सेवामा व्यापक अभ्यास अध्ययन (Internship) कार्य गर्ने गराउने ।
७. यस सम्बन्धमा विद्यार्थीहरूलाई विश्वस्त दिलाउदै स्वयंसेवक कार्यक्रम अन्तरगत सामुदायीक काममा सरिक गराउने ।
८. विद्यार्थीहरू मार्फत स्वयंसेवक कार्यक्रम अन्तरगत समुदायमा ज्ञान, विज्ञान, प्रविधि र सीपको व्यावहारिक ज्ञान दिने ।

९. उच्च शिक्षाका विद्यार्थीहरूलाई व्यावसायीक संगठनहरूमा आबद्धहुन प्रेरित गर्दै व्यावसायीकता सम्बन्धी सहकार्यगर्न प्रेरित गर्ने ।

१०. अध्ययन-अनुसन्धान र नयाँ शैक्षिक गतिविधिको प्रसार पवं प्रवर्धन गर्न आवधिक शैक्षिक प्रदर्शनि गर्ने ।

११. साना-ठूला उद्यम तथा सेवा व्यवसायहरूलाई विश्वविद्यालयका अनुसन्धान कार्यमा आवद्ध गराउने ।

१२. राजनैतिक, सामाजिक, आर्थिक र वातावरणीय संजालहरूलाई अनुसन्धानको अंगको रूपमा ल्याउने ।

१३. विश्वविद्यालयले Continuing Education अन्तरगत व्यावहारिक र सीपमूलक तालिम संचालन गर्दै स्थानीय उत्पादन र सेवाको प्रवर्धनमा सकृय सहभागी हुने ।

**शारांस**

उच्च शिक्षाको अध्ययनको चाहना नेपालीहरूमा ज्यादै उच्च छ तर हामिले अवसरको सृजना गर्न सकेका छैनौं । भौगोलिक, क्षेत्रीय, मानविय संसाधन, आर्थीक श्रोत-साधन, यहाँका उद्धमिहरूको उद्धमशिलता, वाहिरि संसारको अनुभव लगायत काठमाण्डौ पछि देशमा अन्यत्र कहिं छ भने पोखरामै छ र यो अवसर लेखनाथ नगरपालिकालाई पनि समान रूपमा उपलब्ध छ । यदि समयको मागले प्रस्तुत गरेका सम्भावनालाई पोखरा र लेखनाथले उपलब्धिमा परिणत गर्न सक्दैनन् भने देशका अन्य क्षेत्रले सक्दैनन् । पोखरा गत ५० वर्षमा विकासको क्षेत्रमा अन्वेषक र अग्रपथिक रहेको छ र यस्को एकिकृत वातावरण बनिसकेकोले अवका दिनमापनि लेखनाथले शिक्षामा आफ्नो तुलनात्मक (Comparative) तथा प्रतिस्पर्धात्मक (Competitive) फाइदा (Advantage) हाँसिल गरिसकेको छ र अव शिक्षाको विकासलाई समुच्च नगरपालिकाको विकासको अवधारणा सहित अगाडी वढाउन पर्छ र वढाउछ पनि सकिन्छ ।

## सन्दर्भ सामाग्री


Central Bureau of Statistics (2011), Preliminary Result of Census 2011. Kathmandu.

Gurung, Harka (1965), **Pokhara Valley: A Geographical Survey**. Department of Geography, School of Oriental & African Studies, University of London.

लेखनाथ नगरपालिका (....) **लेखनाथ नगरपालिकाको सामाजिक-आर्थिक स्थिति (Socio Economic Status of Lekhnath Municipality)**

Pokhara University (2014) http://www.pu.edu.np

शहरी विकास तथा भवन निर्माण विभाग (......) **लेखनाथ नगरपालिकाको आवधिक योजना (२०६३-२०६८)**. नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रलय